फेदीखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फेदीखोला, स्याङ्जा

आ.व.२०८२/०८३

सूचना नं: ८८

मिति: २०८३।०२।२९

## प्रथम फेदीखोला मौरी दिवस तथा कृषक पाठशाला समापन कार्यक्रम (कृषक दिवस) मनाउने सम्बन्धी सार्वजनिक सूचना।

यस फेदीखोला गाउँपालिका स्याङ्जाले मौरीको संरक्षण, प्रवर्द्धन तथा कृषि उत्पादन, खाद्य सुरक्षा र जैविक विविधतामा मौरीले पुऱ्याएको महत्वपूर्ण योगदानबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रथम फेदीखोला मौरी दिवस तथा कृषकहरूलाई मौरीपालन सम्बन्धी व्यावहारिक ज्ञान, सीप र प्रविधि प्रदान गरी उत्पादन तथा उत्पादकत्व वृद्धि, व्यवसायिक मौरीपालनको विकास र आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित कृषक पाठशालाको समापन कार्यक्रम (कृषक दिवस) देहायका विविध कार्यक्रमसहित तपसिलको मिति, स्थान र समयमा मनाउने गरी गाउँ कार्यपालिकाको मिति २०८३।०२।२७ गते निर्णय भएकोले उक्त कार्यक्रममा उपस्थितिको लागि सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारीज्यूहरु, कृषक, शिक्षक तथा विद्यार्थीहरु, कृषक समूह तथा कृषि सहकारीहरु, सञ्चारकर्मी सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरु तथा कृषि, वन वातावरण क्षेत्रमा रुची राख्ने तथा सम्बन्धित सरोकारवालाहरुलाई उपस्थितिको लागि अनुरोध छ।

तपसिल: कार्यक्रमको विवरण

मिति: २०८३।०३।०४ गते विहिबार

समय: बिहान ११:०० बजे

स्थान: फेदीखोला गाउँपालिका वडा नं १, कुभिण्डे (गुरुङ खाजा घर नजिक)

सञ्चालन हुने मुख्य क्रियाकलापहरु:

१.प्रमाणपत्र वितरण- स्वस्थ रानी उत्पादन, IPM मा सहभागी, गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) बाट आधारभूत तालिम प्राप्त कृषकहरु, एक विद्यालय एक उद्यम कार्यक्रम अन्तरगत तालिम प्राप्त शिक्षकहरु ।

२. Online bee hive monitoring software को आरम्भ ।

३. प्रदर्शनी तथा बिक्री: गाउँपालिकामा उत्पादित महको प्रदर्शनी तथा बिक्री वितरण ।

४.मौरीलाई उपयुक्त फुल फुल्ने बिरुवा वितरण ।

५.विश्व वातावरण दिवस (June 5 )का दिन सम्पन्न चित्रकलाको प्रदर्शनी तथा पुरस्कार वितरण।

६. विभिन्न छलफल तथा विविध कार्यक्रमहरु ।

२०८३/०३/१

... प्रसाद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

नोट: उक्त कार्यक्रममा फेदीखोला गाउँपालिका,स्याङ्जा क्षेत्रमा सेरेना मौरीबाट उत्पादित शुद्ध प्राकृतिक मह (natural honey) पनि बेचबिखन गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

www.phedikholamun.gov.np info@phedikholamun.gov.np phedikhola174@gmail.com

CamScanner